आज मिति २०७७ साल भाद्र २६ गते शुक्रबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठीत जिल्लास्तरिय Crisis Management Center को बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| क. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौंली | श्री शेर गण, चोहर्वा | |
| ग. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| घ. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| ङ. अनुसन्धान अधिकृत श्री सुदिप थापा | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| च. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| छ. नि.जिल्ला समन्वय अधिकारी श्री शिवेन्द्र मण्डल, | जिल्ला समन्वय समिति | |
| ज. मे.सु. डा. नगेन्द्र प्रसाद यादव, | सिराहा अस्पताल | |
| झ. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| ञ. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| ट. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| ठ. अध्यक्ष श्री अशोक अमात्य | लहान उद्योग वाणिज्य संघ | |
| ड. प्रतिनिधि श्री देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति | |

**विशेष उपस्थिती(सल्लाहकार) :**

| | |
|---|---|
| समन्वय प्रमुख श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति, सिरहा । |
| समन्वय उपप्रमुख श्री सरोज कुमार यादव | जिल्ला समन्वय समिति, सिरहा । |
| नगर प्रमुख श्री अशेश्वर प्रसाद यादव | सिरहा नगरपालिका । |
| नगर प्रमुख श्री हरिनारायण चौधरी | धनगढीमाई नगरपालिका । |
| नगर प्रमुख गंगा पासवान | कर्जन्हा नगरपालिका । |
| नगरप्रमुख श्री मुनी साह | लहान नगरपालिका । |
| नगरउपप्रमुख श्री रेशम कुमारी थापा | गोलबजार नगरपालिका । |
| अध्यक्ष श्री जागेश्वर यादव | विष्णुपुर गाउँपालिका । |
| अध्यक्ष श्री ठक्कु मेहती | अर्नामा गाउँपालिका । |
| अध्यक्ष श्री बेचन यादव | भगवानपुर गाउँपालिका । |
| प्रमुख कोष नियन्त्रक श्री याम प्रसाद गिरी | कोष तथा नियन्त्रक कार्यालय, सिरहा । |
| प्रमुख श्री बबिता यादव | कारागार कार्यालय, सिरहा । |

## निर्णयहरु :

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्बन्धी विद्यमान व्यवस्थापनबारे बैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMCबाट मिति २०७७।०५।१५, २०७७।०५।१७ र २०७७।०५।२२मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवंम ततसम्बन्धी दैनिक नियमित प्रतिवेदन गर्न सबै १७ वटै स्थानीय तहहरुलाई समेत पुन: अनुरोध गरी अनुगमन गर्ने गराउने ।

२. कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाईनमा खटिइएका सम्पुर्ण स्वास्थ्यकर्मीहरुको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने, सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन तथा सुरक्षाकर्मीहरुको बसोबास, खाद्यान्न र स्वास्थ्य सुरक्षा उपकरणको समुचित प्रबन्ध मिलाउने र लकडाउनको अवधिमा हुनसक्ने सुरक्षा चुनौतिहरुलाई प्रभावकारीरुपमा समाधान गर्ने तर्फ सुदृढ तथा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने । साथै कानुन विपरितको कार्य गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

३. सिराहा जिल्लामा कोभिड १९ को संक्रमण व्यवस्थापनको हालको अवस्था देहाय अनुरुप रहेको बैठकमा अवगत भयो ।

| जिल्ला सिरहा | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | | |
| | १३ | ० | २० | १४०० | १३४ | १४ | १४८ | ७१५५ | २०५ | २२७ | ३७ | २६४ | ३५६ | ८८२९ | ८५८० | ६३० | २६४ | ३५६ | १० | ३६४० | |

४. गृह मन्त्रालयको पत्रसंख्या शा.सु. ०७७।७८।०६ च.नं. ७२१ मिति २०७७।०५।२४ गतेको निर्णय कार्यान्वयन सम्बन्धी पत्रबमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं. म.बै.।३२१।९७५ मिति २०७७।०५।१९ गतेको पत्र मार्फत कोभिड १९ सम्बन्धी मं.प.बै.सं. ३१।०७७, मिति २०७७।०५।१९ को नेपाल सरकार, मन्त्रिपरिषदको बैठकको निर्णय कार्यान्वयनको लागि अनुरोध भई आएको हुँदा उक्त पत्रको छाँयाप्रति यसैसाथ संलग्न राखी निर्णय कार्यान्वयनको लागि पठाइएको सम्बन्धी पत्र बमोजिम प्राप्त निर्णय बैठकमा अवगत भयो ।

विश्वव्यामी महामारीको रुप लिएको कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा देहाय बमोजिम गर्ने गराउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम देहायको आदेश जारी गर्ने भनी भएको आदेशानुसार यस जिल्लाको लागि मात्र रहेको आदेशहरु निम्न बमोजिम रहेको छ । सो अनुसारको व्यवस्थापन स्वास्थ्य कार्यालय, सिरहाले समन्वय गरी गर्ने ।

१. नेपाल एम्बुलेन्स सर्भिस (१०२)ले हाल सेवा प्रवाहमा प्रयोग गरिरहेको एम्बुलेन्सका अतिरिक्त संक्रमित व्यक्तिको संख्यालाइ मध्यनजर गरी एम्बुलेन्सको अभाव हुन नदिन हाललाई २ वटा र आवश्यकतानुसार थप एम्बुलेन्स व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने । नेपाल एम्बुलेन्स सर्भिसको माग अनुरुप २०७७ श्रावण १ गतेबाट कोभिड १९ को प्रयोजनमा उपयोग भएको एम्बुलेन्सको इन्धनको खर्च कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने र सो को व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने ।

२. काठमाण्डौं उपत्यका लगायत शहरी क्षेत्रमा कोभिड १९ को कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनका लागि आवश्यक परेका बखत तुरुन्तै उपलब्ध हुने गरी (Dedicated) उपयुक्त शव वाहनको व्यवस्था काठमाण्डौं उपत्यकाको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले र अन्य जिल्लाका हकमा सम्बन्धित प्रदेश सामाजिक विकास मन्त्रालयले मिलाउने । उक्त शव वाहन नेपाली सेनाको मातहत तयारी अवस्थामा (Stand By) रहने व्यवस्था मिलाउने । सो को लागि आवश्यक पर्ने इन्धनको खर्च कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने र सो को व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने ।

५. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ५३७ मिति २०७७।०५।२४ गतेको कोरोना विमा गरिदिने सम्बन्धी पत्र बमोजिम आर्थिक वर्ष २०७७।०७८ को बजेट बक्तव्यको बुँदा नं. २८५मा चालु आ.ब.का लागि अस्थायी र करार लगायत सबै राष्ट्र सेवकको रु १ लाखसम्मको कोरोना विमा नि:शुल्क हुने व्यवस्था भए बमोजिम जिल्ला प्रशासन कार्यालय र अन्तर्गत राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्न कार्यरत विवरण दर्ता अपरेटर र

फारम भर्ने सहयोगीहरुको नियमानुसार कोरोना विमा गरी सो को जानकारी पठाइदिनु हुन भन्ने पत्र प्राप्त भई बैठक अवगत भयो ।

राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्न कार्यरत विवरण दर्ता अपरेटरहरु र फारम भर्ने सहयोगीहरुको नियमानुसार कोरोना विमा यथाशिघ्र गर्नको लागि १७ वटै स्थानीय तहहरुमा लेखि पठाउने र जिल्ला प्रशासन कार्यालयमा खटिइएका विवरण दर्ता अपरेटरहरुको पनि यथाशिघ्र कोरोना विमा गराउने ।

६. कारागार कार्यालय सिरहा अन्तर्गत रहेको कारागारको क्षमता पुरुष १३५ जना र महिला १५ जना गरी जम्मा १५० जनाको रहेकोमा मिति २०७७।०५।२४ गतेका दिन कारागारमा पुरुष कैदीवन्दी ५७६ जना, महिला कैदीवन्दी १८ जना र २ जना आश्रित बालक गरी जम्मा ५९६ जना कैदीवन्दी रहेको छ । यसैगरी अहिलेका समयमा कोभिड १९ को विश्वव्यापी महामारीको रुपमा रहेको र कारागार सिरहामा समेत यसको संक्रमणले विगतमा ७ जनामा पोजेटिभ देखिएको र निजहरुलाई आइसोलेशन गरी राखिएकोमा हालसालै ८० जनाको कोभिड १९ को संक्रमणको शंकास्पद विरामी देखिएको र निजहरुको स्वाव संकलन गरी परिक्षणको लागि पठाइएकोमा ८० जना कैदीवन्दीहरुमध्ये मिति २०७७।०५।२४ कोभिड १९ को संक्रमणको नतिजा ५९ जनाको पोजेटिभ आएको । यसरी हालसम्म ६६ जना कैदीवन्दीहरुको कोभिड १९ पोजेटिभ केशहरु रहेको ।

निजहरुलाई आइसोलेट गरी राख्नको लागि कारागार भित्रको परिसरमा स्थान नभएकोले कारागार भित्रको महिला कैदीवन्दी रहेको सेलबाट महिला कैदीवन्दीहरुलाई अन्यत्र कारागारमा हस्तान्तरण गर्न कारागार व्यवस्थापन विभागसँग समन्वय गरी महिला कैदीवन्दी र आश्रित २ जना गरी २० जनालाई अन्यत्र स्थानान्तरण गर्ने कार्य भएको । सो महिला कैदीवन्दीहरुलाई अन्यत्र कारागारमा हस्तान्तरण गरी खाली भएको महिला कैदीवन्दी रहने सेललाई कारागार भित्रको कोभिड १९ को संक्रमितहरुलाई सिरहा अस्पताल अन्तर्गत रहने गरी आइसोलेशन वार्ड बनाउन कारागार कार्यालय, सिरहालाई निर्देशन गरिएको ।

कारागार भित्र रहेका कैदीवन्दीहरुमा कोभिड १९ को संक्रमण पहिलेको ७ जना र मिति २०७७।०५।२४ गते देखिएको ५९ जना मिति २०७७।०५।२६ मा १९ जना गरी हाल जम्मा ८५ जनामा देखिएको ।

प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका पदाधिकारी र सिरहा अस्पतालका चिकित्सकहरुको टोली तथा स्वास्थ्य कार्यालय प्रमुख समेत संलग्न रही कारागार कार्यालय भित्रको कारागारको संक्रमितहरुलाई औषधी र अन्य सामाग्रीहरु सहित मिति २०७७।०५।२४ गते अपरान्ह पुगी कारागार निरिक्षण तथा अनुगमन गरी ती सामाग्रीहरु वितरण गरिएको र सो सम्बन्धमा निरन्तर अनुगमन भैरहेको ।

कारागार कार्यालय, सिरहा अन्तर्गत रहेको कारागारमा रहेका अन्य कैदीवन्दीहरु करिब ४०० जनालाई ज्वरो आइरहेकोले तिनीहरुलाई सिरहा अस्पतालबाट औषधीहरु वितरण गरिएको । साथै तिनीहरुको कोभिड १९ को परिक्षणको लागि स्वाव संकलन कार्य चरणबद्ध रुपमा भैरहेको ।

कारागारका बन्दीहरुलाई आइसोलेट गर्न आवश्यक बजेटका लागि श्री गृह मन्त्रालय र श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा अनुरोध गरी पठाइएको ।

७. DCCMCको मिति २०७७।०५।१२ गतेको बैठकको निर्णय अनुरुप मुख्यमन्त्री तथा मन्त्रिपरिषद, प्रदेश नं. २ जनकपुरधामबाट मिति २०७७।०५।१२ बाट प्राप्त भएको रु ५० लाख सिरहा अस्पतालमा कोभिड १९ संक्रमण जोखिम न्यूनीकरण गर्ने कार्यको लागि ICU कक्ष निर्माण, भेन्टिलेटर तथा मोनिटरिंग उपकरण समेत खरिद गरी सञ्चालनमा ल्याउन प्रकृया अघि बढाइएको ।

यसमा कोभिड १९ संक्रमण जोखिम न्यूनीकरण गर्ने कार्यको लागि सिरहा अस्पतालमा ICU कक्ष निर्माण, भेन्टिलेटर तथा मोनिटरिंग उपकरण समेत खरिद गरी जडान गर्न लागत अनुमान रु ४३,६७,४५०।००, PCR प्रविधिबाट कोभिड १९ को परिक्षण गर्ने ल्यावको लागि आवश्यक सिरहा अस्पतालको भवन मर्मत गर्ने लागत अनुमान रु ४,७७,५९७।०० उक्त सामानहरु खरिद तथा मर्मतसंभारको लागि विज्ञापन शुल्क र टेण्डर डकुमेन्ट तयार गर्न रु २७३४६।०० र १९६७।०० गरी जम्मा लागत अनुमान रु ४८,७४,३६०।०० रहेको । यस कार्यालयमा प्राप्त रकम मध्येबाट बाँकी रहने १,२५,६४०।०० र टेण्डरबाट लागत अनुमानमा घटाघट हुन गएमा लागत अनुमानबाट बचत हुने रकम तथा आपतकालिन व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालयको पुरानो भवनलाई कारागार कार्यालय अन्तर्गतको आइसोलेशन कक्ष व्यवस्थापन गर्न लागत अनुमान र कोषको मौज्दात हेरी खर्च गर्ने ।

कारागार कार्यालय, सिरहामा रहेको कार्य संचालन कोषमा अ.ल्या. भई आएको रु ३,५८,०००।०० रकम कारागार भित्र क्वारेन्टाइनको लागि टहरा बनाएको र सो टहराको लागत अनुमान बमोजिमको १,३८,०००।०० भुक्तानी दिन बाँकी रहेको हुँदा प्रदेश सरकारबाट अव छुट्टै निकाशा हुन आउने रकमबाट सो बक्यौताको भुक्तानी दिई बाँकी हुन

आउने रकम कारागार भवन भित्र वा जिल्ला प्रशासन कार्यालयको पुरानो भवनमा आइसोलेशन कार्यका लागि खर्च गर्ने ।

८. सिरहा जिल्लामा कोभिड १९ संक्रमण बढ्दै गईरहेको र जोखिम कायमै रहेको अवस्थामा जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने र संक्रमणलाई प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७ श्रावण ३२ गते देखि कायम रहेको निषेधाज्ञा मिति २०७७ भाद्र २७ गते राती १२:०० बजे सम्म जारी गरिएकोमा संक्रमण जोखिम न्यूनीकरण गर्दै जनजीवनमा परेको प्रभावलाई मध्यनजर गरी जनजीवनलाई सामान्य तुल्याउनु पर्ने र कोभिड १९ को संक्रमणलाई नियन्त्रण र रोकथाम पनि गर्नु पर्ने भएकोले मिति २०७७ भाद्र २७ गते राती १२:०० बजेदेखि मिति २०७७ आश्विन १० गते राती १२:०० बजेसम्मको लागि लागु हुने गरी सिरहा जिल्लाभर नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) र संक्रामक रोग ऐन, २०२० को दफा ३ र ४ को अधिकार प्रयोग गरी देहाय अनुरुप गर्न गराउनको लागि सिफारिश गर्ने ।

**निषेध गरिएका गतिविधिहरु :**

१. **हाटबजार लगाउन,**
२. मानिसहरु भेला हुन, भीडभाड गर्न, सभा जुलुस वा प्रदर्शन हुने जस्ता कार्य गर्न गराउन ,
   सबै प्रकारका सभा, गोष्ठी तलिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरंजन स्थल, शैलुन, ब्युटिपार्लर, स्पा, स्वीमिंग पुल, जिमखाना, समुहमा खेलिने खेलकुद, र खेल प्रस्तुति, प्रदर्शनी, पुस्तकालय, संग्रहालय, संचालन गर्न,
३. भीडभाड हुने गतिविधि : जस्तै जात्रा, महोत्सव, भोजभतेर आदि संचालन गर्न गराउन,
४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा दैनिक नित्य पुजा, आरधना बाहेकका गतिविधिहरु संचालन गर्न,
५. चाडपर्व लगायतका धार्मिक साँस्कृतिक तथा सामाजिक कार्य गर्नका लागि हुने जमघटहरु,
६. बढी भिडभाड हुने उद्योग, कलकारखाना, व्यापार/व्यवसाय अन्तर्गतका स्वास्थ्य तथा सुरक्षा मापदण्ड विपरित हुने क्रियाकलापहरु गर्न,
७. शैक्षिक संस्थाहरु संचालन गर्न,
८. उद्योग, व्यापार, व्यवसाय, निर्माण आदि कार्य गर्नको लागि स्वास्थ्य तथा सुरक्षा मापदण्ड विपरित श्रमिक/कामदारको ओसार पसार तथा प्रयोग गर्न ।
९. नेपाल सरकारद्धारा निषेध गरेका अन्य विषय तथा क्षेत्रहरु ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

१. अति आवश्यक काम नपरी घर बाहिर ननिस्कन, अति आवश्यक कार्य परेर बाहिर निस्कदा मास्कको अनिवार्य प्रयोग गर्ने, कम्तिमा २ मिटरको सामाजिक दुरी कायम गर्ने र साबुन पानिले हाथ धुने वा स्यानिटाइजरको प्रयोगलाई अनिवार्य गर्ने जस्ता स्वास्थ्य तथा सुरक्षा मापदण्ड अवलम्वन गरी पालना गर्ने ।
२. माडर नाकाबाट मात्र नेपाली नागरिक भारत तर्फ बाट आउन सक्ने, आइसकेपछि क्वारेन्टिनमा बसि PCR परीक्षण गर्नु पर्ने, अन्य सीमा क्षेत्रबाट आवत जावत गर्न नपाइने नेपाल सरकारको निर्णय भने यथावत कायम रहिरहने छ।
३. सवारी साधन :
   - मोटर साइकलमा २ जना भन्दा बढी नबस्ने, चालकले हेलमेट तथा दुवै जनाले अनिवार्य रुपमा मास्क र सभव भएसम्म पंजा तथा चश्मा लगाउने ।
   - सरकारी/सार्वजनिक तथा नीजी वा भाडाका जीप/कार/भ्यान/दमकल/एम्बुलेन्स/शववाहन/फोहर उठाउने, दुध वा इन्धन वोक्ने वा ढुवानी गर्ने साधनमा दुरी कायम हुनेगरी वसि, मास्क अनिवार्य रुपमा लगाउने र यात्रा सकिएपछि वा यात्रा सुरु हुनु अघि डिसइन्फेक्शन गर्नु पर्ने ।
   - अगाडी तिर रो सिट भएका सार्वजनिक सवारी साधनले मात्र हरेक यात्रु बस्न अघि वा ओर्लनासाथ अनिवार्य रुपमा डिसइन्फेक्शन गरी एउटा रो मा मास्क लगाएका एक जना मात्र यात्री राख्ने। चालक तथा सहचालकले मास्क लगाउने, यात्री समेतलाई स्यानिटाइजरको प्रयोग गर्न लगाउने, यसमा निर्धारित भाडामा ५०% भन्दा वढी लिन नहुने ।
   - कुनै पनि सवारी साधनको गति (Speed) सिमित हुनुपर्नेछ।
४. नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड/प्रोटोकल अनिवार्य पालना गर्ने गरी संचालन गर्ने पर्ने ।

व्यपार व्यवसाय :

(क) <u>उद्योग तथा कल कारखाना एवं कृषि क्षेत्रको व्यवसाय :</u>

आ-आफ्नो परिसरमा सञ्चालन गर्ने व्यवस्था यथावत कायम रहनेछ।

(ख) <u>पसल संचालन</u> :

- अत्यावश्कीय : औषधी र स्वास्थ्य सेवा नियमित रुपमा सञ्चालन हुनेछ।
- खाध्यान्न, दुध, फलफूल, तरकारी, ग्यास, माछा मासु वा अण्डा जस्ता सेवाः विहान ५:०० वजे देखि अपरान्ह ३:०० वजे सम्म ।
- <u>अन्य सामान विक्री गर्ने पसलहरु :</u> विहान ०८:०० देखी अपरान्ह ३:०० बजे सम्म ।
- <u>होटल तथा रेष्टुराहरु :</u> तयारी खानाको सप्लाई दिने टेक अवे को सेवा दिन सक्नेछन् ।त्यस्ता टेक अवे सेवा (होम डेलिभरी)दिनेले भिडभाड नहुने, दुरी कायम हुने, स्यानिटाइजर प्रयोग गर्ने र स्वास्थ्य सुरक्षा मापदण्ड प्रयोग गरी विहान ९:०० बजे देखी साँझ ७:०० बजे सम्म ।
- <u>यसरी व्यापार व्यवसाय सञ्चालन गर्दा :</u>
  - आ-आफ्नो सेवा स्थल अगाडी कम्तीमा २ मीटर दूरी कायम गराउनु पर्नेछ ।
  - विक्रेता वा सेवा प्रदायकले मास्क, फेशशिल्ड र पञ्जा लगाएको हुनुपर्नेछ ।
  - मास्क नलगाई आउने सेवाग्राही/क्रेतालाई विक्री वा सेवा दिन पाइने छैन ।
  - सेवाग्राहीकालागी हात धुने सावुन पानी वा स्यानिटाइजरको व्यवस्था गरेको हुनुपर्नेछ ।

५. उद्योग, कलकारखाना संचालन गर्दा कामदारहरुको खाने बस्ने व्यवस्थाका लागि अनिवार्य रुपमा उद्योग परिसरमै क्याम्प राख्ने व्यवस्था गरी जनस्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नु गराउनु पर्नेछ । साथै आवश्यक पर्ने पिपिइ सेट लगायतका स्वास्थ्य सामाग्री सम्बन्धित उद्योग कलकारखाना आफैले प्रबन्ध गर्नु पर्नेछ ।

६. स्वाब परिक्षण गराउने व्यक्तिहरु रिपोर्ट नआउन्जेलसम्म अनिवार्य रुपमा होम क्वारेन्टाइन वा स्थानीय तहबाट संचालित क्वारेन्टाइनमा बस्नु पर्नेछ । कन्ट्याक्ट ट्रेसिंगमा परेका व्यक्तिहरु समेत स्वाव परिक्षण गराउने व्यक्तिहरुको रिपार्ट नआउन्जेलसम्म अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्नु पर्नेछ । होम क्वारेन्टाइनमा बसे नबसेको निगरानी सम्बन्धित स्थनीय तहको वडा कार्यालयले गर्नु पर्नेछ । यस व्यवस्थाको उल्लघंन हुने गरी जथाभावी हिडडुल गर्नेहरु उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुनेछ ।

७. सरकारी तथा सार्वजनिक कार्यालहरु र बैंक वित्तिय संस्थाहरुमा हुन सक्ने भिडभाडलाई दृष्टिगत गरी त्यस्ता कार्यालयले सेवाको किसिम र भौगोलिक स्थान खुलाई समय तालिका बनाई पुर्व सूचना जारी गरी सेवा प्रवाह गर्ने । त्यस्तो सूचनाको जानकारी तत्काल जिल्ला प्रशासन कार्यालय र सबै स्थानीय तहहरु समतेलाई उपलब्ध गराउने ।

सरकारी/सार्वजनिक संस्थागत तथा अन्य नीजि कार्यालयका सेवा :

क) स्वास्थ्य तथा सुरक्षाका मापदण्ड अवलम्बन गरेर मात्र सञ्चालन गर्नुपर्नेछ, जस्तै :

- सेवाग्राहीले समेत मास्क लगाएको हुनुपर्ने
- २ मीटर दुरी कायम भएको हुनुपर्ने
- हात धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था हुनुपर्ने

ख) कार्यालयले सेवा प्रदान गर्दा भीडभाड हुन नदिन/आवश्यक पर्दा सेवाको किसिम, सेवा पाउने मानिसको भौगोलिक स्थान वा प्रकृति, सेवा प्रदान हुने दिन वा समय खोली संम्बन्धित कार्यालयले पूर्व सूचना गरी सो को अग्रिम जानकारी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सबै स्थानीय तह समेतमा दिनुपर्नेछ ।

ग) सेवा प्रदायक कार्यालय वा निकाय वा स्थलमा कोभिड-१९ को संक्रमण देखिन आएमा शिल गरी परीक्षण गराई केही समयका लागि सेवा बन्द गर्न सकिनेछ ।

संचालन गर्न पाउने सेवाहरु स्वास्थ्य सुरक्षा मापदण्ड/प्रोटोकल बमोजिम भए नभएको विषयमा सम्बन्धित स्थानीय तहहरु समेत नियमक निकायले नियमित अनुगमन गरी सो को प्रतिवेदन तालुक निकाय र जिल्ला प्रशासन कार्यालयमा पेश गर्नु पर्नेछ ।

१०. कोभिड १९ को संक्रमणबाट निधन भएको व्यक्तिको शवलाई व्यवस्थापन गर्ने कार्यमा बाधा विरोध नगरी सबै पक्षहरुले सहयोग पुर्‍याउने । कोभिड १९ को संक्रमणबाट निधन भएको व्यक्तिको शवलाई व्यवस्थापन गर्न लाग्ने सम्पुर्ण खर्च स्थानीय तहहरुले व्यहोर्न अनुरोध गर्ने । साथै शव व्यवस्थापन कार्यमा बाधा विरोध भएमा स्थानीय प्रशासन ऐन, २०२८ तथा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुनेछ ।

११. जिल्लाका १७ वटै स्थानीय तहहरुसँग विवरण माग भएकोमा हालसम्म कोभिड १९ को संक्रमणबाट निधन भएको व्यक्तिको शव व्यवस्थापनको लागि चौहदी सहितको विवरण माग गरेकोमा जम्मा २ वटा स्थानीय तह (कर्जन्हा नगरपालिका र मिर्चैया नगरपालिका)बाट मात्र प्राप्त भएको साथै जिल्ला प्रशासन कार्यालयबाट मिति २०७७।०५।२२ मा माग भएको विवरण जम्मा ६ वटा स्थानीयतहहरुबाट मात्र प्राप्त भएको । सो विवरणहरु नपठाउने स्थानीयतहहरुलाई पुःन एक पटक अनुरोध गर्ने र सो पनि नपठाएमा सो को विवरण प्रधाममन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवारमा आवश्यक कारवाहीको लागि लेखि पठाउने ।

१२. गृह मन्त्रालयको पत्रसंख्या ०७७।०७८ स्था.प्र.तथा प्र.स.शाखा च.नं. १६२ मिति २०७७।०५।२५ को निर्णय जानकारी तथा कार्यान्वयन सम्बन्धी पत्रमा उल्लेख भए बमोजिम कैदीवन्दीहरुमा कोभिड १९को संक्रमण फैलन नदिन गरिएको व्यवस्था तथा अपनाउनु पर्ने थप सतर्कता सम्बन्धमा छलफल गर्न गृह सचिवज्यूको अध्यक्षतामा बसेको बैठकले गरेको निर्णयहरु जानकारी तथा कार्यान्वयनका लागि प्राप्त भएको व्यहोरा बैठकमा अवगत भयो । सो बैठकको निर्णय यस जिल्लाको हकमा निर्णय नं. ३ र ५ मात्र रहेको जो निम्न रहेका छन् ।

३. कारागारमा नयाँ कैदी वा थुनुवा ल्याउँदाः सुरक्षाकर्मीहरुको अदलीबदली हुँदाः कैदीवन्दीहरुलाई अस्पताल वा अदालत लैजाँदाः कैदीवन्दीहरुका लागि खाद्यान्न, तरकारी लगायतका अत्यावश्यक सामाग्री खरिद गर्नुपर्दा कोभिड सर्न सक्ने जोखिम न्यूनीकरण तथा कारागारमा रहेका दिर्घ रोगी तथा जेष्ठ नागरिक कैदीवन्दीहरुलाई कोभिड १९ बाट जोगाउनका लागि कारागारहरुले गरेको व्यवस्था सम्बन्धमा नियमित रुपमा अनुगमन गरी आवश्यक निर्देशन/समन्वय हुन र केन्द्रबाट तत्काल गर्नुपर्ने केहि देखिएमा विभागमा सिफरिश गरी पठाउन प्रमुख जिल्ला अधिकारीहरुलाई लेखि पठाउने ।

५. स्वास्थ्य सेवा विभागले कैदीवन्दीहरुको PCR Test गर्नुपर्दा कारागारहरुमा नै टोली पठाई संकलन गर्ने प्रबन्ध मिलाउनका साथै कारागारहरुका अस्पताल एवं अन्य कारागारहरुमा समेत आवश्यक स्वास्थ्य जनशक्ति प्रबन्ध गर्ने ।

माथि प्राप्त निर्देशन बमोजिमको कार्य गर्नको लागि कारागार कार्यालय, सिरहा र स्वास्थय कार्यालय, सिरहाबाट समन्वय गरी कार्य गर्न निर्देशन गर्ने ।

१३. संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५१ मिति २०७७।०५।२३ गतेको ५ वेडको अस्पताल संचालन सम्बन्धी पत्रमा उल्लेख भए अनुसार सरकारी अस्पताल नभएका ६४९ स्थानीय तहहरुमा १ स्थानीय तहमा कम्तीमा ५ वेडको अस्पताल संचालनका लागि आवश्यक बेड लगायत उपकरण र जनशक्ति व्यवस्थापनको लागि प्रति वेड रु २ लाखका दरले प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी प्रत्येक स्थानीय तहहरुलाई रु १० लाखका दरले कोरोना रोकथाम नियन्त्रण तथा उपचारकोष संचालक समितिको ११ औं बैठकको निर्णय अनुसार रकम निकासा भै सकेको छ । कम्तीमा ५ वेडको अस्पताल तत्कालन संचालन गर्न गराउन आवश्यक पत्राचार तथा समन्वय गरि दिनु हुन भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखाको च.नं. १२५ मिति २०७७।०५।२३ को पत्रबाट अनुरोध भई आएको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखाको च.नं. १२६ को पत्र र सो पत्रसाथ स्थानीय तहमा कोभिड १९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन २०७७ संलग्न राखी आवश्यक कार्यान्वयनको लागि पठाइएको सम्बन्धमा यस जिल्ला भित्रका २ वटा सरकारी अस्पताल सिरहा र लहान अस्पताल रहेको र बाँकी स्थानिय तहहरु १५ वटामा सरकारी अस्पताल नरहेकोले तत्काल ती स्थानीय तहहरुमा ५ वेडको अस्पताल संचालन गरी प्रगती विवरण सम्बन्धित निकाय तथा जिल्ला प्रशासन कार्यालयमा पठाउनु हुन अनुरोध गर्ने ।

१४. कोभिड १९ को संक्रमित भएका व्यक्तिहरुसँग सम्पर्कमा आएका व्यक्तिहरुले कोभिड १९ को संक्रमण भए नभएको बारेमा स्वास्थ्य परिक्षण गर्न नमान्ने भन्ने बुझिएकोले निजहरुलाई प्रचलित कानुन बमोजिम कारवाही गरी निजहरुको स्वाव संकलन गरी स्वास्थ्य परिक्षण गर्ने व्यवस्थापन स्वास्थ्य कार्यालय, सिरहाले मिलाउने ।

१५. कोभिड १९ संक्रमण न्यूनीकरणका लागि बजेट स्वीकृत/निकाशा हुने सम्बन्ध पत्रमा उल्लेख भए बमोजिम सुरक्षा निकायका धेरैजसो सुरक्षाकर्मीहरुमा कोभिड १९ को संक्रमण देखिएकोले ति सुरक्षाकर्मीहरुलाई आइसोलेशनमा राख्न सुरक्षा निकायकै परिसर भित्र व्यवस्थापन गर्नको लागि ४० थान ठुलोखालको पालहरु समेत उपलब्ध गराउनको

लागि पत्राचार भई श्रीमान् गृह सचिव ज्यू समक्ष जाहेर भई तुरुन्त प्राप्त हुने निर्देशन भएको व्यहोरा बैठकमा अवगत भयो ।

१६. CCMCबाट जारी भएको Online form अनुरोधको विवरणहरु हरेक दिन दिनको ३ बजे अगावै कोभिड १९ को सिचुएशेन सेन्टर (स्वास्थ्य कार्यालय) मार्फत जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

१८. कारागार कार्यालय, सिरहामा देखापरेको हुलो संख्याको कोभिड १९ को संक्रमण जोखिम न्यूनीकरण व्यवस्थापन गर्न तुरुन्तै देहाय अनुरूप समेत गर्ने गराउने ;

(क) सिरहा अस्पतालको आइसोलेसन वार्डमा खटाइएका ड्युटि रोस्टर अनुसारको चिकित्सक On Call मा बस्ने तथा हे.अ. / अ.हे.व. ३ जना र स्टाफ नर्स / अनमी २ जना सिरहा न.पा. बाट डालकाका लागि खटाउन अनुरोध गर्ने ।
तलव भत्ता सम्बन्धमा आ-आफ्नै निकायबाट लिने । ड्युटी कक्ष कारागार कार्यालयले व्यवस्थापन गर्ने । यसको संयोजन जिल्ला स्वास्थ्य कार्यालयले गर्ने ।